'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक
वर्ष १ अंक : १२३ आइतवार १४ पुष, २०८१ 29 (Sunday) December 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### जन्मजात अपाङ्ग बालबालिकाहरु नयाँजीवनमा
## कर्णालीमा एक हजार भन्दा बढी अपाङ्ग बालबालिकाको शल्यक्रिया

■ नमस्ते समचारदाता
सुर्खेत, पुष/१३




अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्र (एचआर डिसी) ले दुई वर्षयता १८ वर्षमुनिका एक हजार दुई सय ४५ बालबालिकाको शल्यक्रिया गरेको हो । अस्पतालले स्थापनाको दुई वर्षमा यो सफलता प्राप्त गरेको हो । जन्मजात खुट्टा तथा पैतला बाङ्गो भएर असहज जीवन बाँचिरहेका ती बालबालिकालाई शल्यक्रिया मार्फत सामान्य जीवनशैलीमा फर्काइएको अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापन केन्द्र कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतका कार्यालय प्रमुख होमराज केसीले बताए । केसीले अगाडि थपे, 'दुई सय ७६ जनालाई सहायक सामग्री नाप्जाम तथा वितरण र प्रदेशका विभिन्न कार्यालय, समुदाय तथा विद्यालयमा पुगेर करिब पाँच हजार दुई सयभन्दा बढीलाई यसबारे अभिमुखीकरण दिइएको छ । मङ्गलबार मात्र ५५ बालबालिकाको पहिचान तथा उपचार हुँदा १० बालबालिकालाई शल्यक्रियाका लागि हालै अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्र काभ्रे बनेपामा भर्ना लागि सिफारिस गरिएको छ ।' पाँच बालबालिकालाई कर्णाली प्रदेश अस्पताल सुर्खेतमा पठाएको जनाइएको छ ।" कर्णालीमा जन्मजात अपाङ्ग भएर जन्मने बालबालिकाको सुर्खेतमै शल्यक्रिया हुन थालेपछि अहिले अस्पतालमा आउने सेवाग्रहीको संख्या दैनिक रुपमा वृद्धि हुँदै गएको उनले बताए । कार्यालय प्रमुख केसीका अनुसार कर्णाली प्रदेशमा उपचारात्मक अवस्थाका अझै १० हजार भन्दा बढी अपाङ्गता भएका बालबालिकाहरु छन् । यसमा सबैभन्दा बढी बालबालिका जाजरकोटमा छन् । अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्रले सुर्खेतले फिजियोथेरापी सामग्री तथा उपकरणका साथै सहायक सामग्री पनि राखेको छ । विकट भूगोल, अशिक्षा, गरिबी, कुपोषित आमा र असहज वातावरणले कर्णालीमा जन्मजात अपाङ्ग भएर जन्मने बालबालिका सबै राज्यको पहुँचमा नहुँदा पुनःस्थापन केन्द्रले ठूलो राहत पुऱ्याएको वीरेन्द्रनगर नगरपालिका-१ सुर्खेतका वडाध्यक्ष दिनेश खत्रीले बताए । वडाध्यक्ष खत्रीले भने, 'अपाङ्गताका कारण समाजबाट हेपिएका, नैराश्य जीवन व्यतित गरिरहेका र उपचारको अभावमा पिल्सिएका बिरामी तथा परिवारका लागि अपाङ्ग बाल अस्पताल वीरेन्द्रनगर-१ सुर्खेत ठूलो सहयोगी बनेको छ । पुनःस्थापन केन्द्रको कार्य, यसले राखेको लक्ष्य र लिएको उद्देश्य परिपूर्ति गर्न वडासहित स्थानीय सरकार आवश्यक सहयोग गर्न लागिपर्छ ।' जिल्ला समन्वय समिति सुर्खेतका प्रमुख गङ्गाराम सुनारले अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्र कर्णाली प्रदेश कार्यालय स्थापनाले यहाँका १८ वर्ष मुनिका बालबालिकालाई ठूलो राहत गरेको प्रतिक्रिया दिए ।

बाँकी ३ पेजमा...

## पक्की पुलको पर्खाइमा जुग बित्यो कर्णालीवासीको

■ नमस्ते समचारदाता
बाजुरा, पुष/१३



बाजुरामा नौ वटा स्थानीय तहका प्रत्येक गाउँ बस्ती पछिल्लो समय सडक सञ्जालको पहुँचमा छन् । यहाँका बुढीगङ्गा, त्रिवेणी, खप्तड छेडेदह, बडिमालिका, गौमुल, बुढीनन्दा, हिमाली स्वामिकार्तिक खापर र जगनाथ लगायतका गाउँपालिकाले सडकलाई पहिलो प्राथमिकता दिएसँगै यहाँका प्रत्येक वडासञ्जालको पहुँचमा रहेका हुन् । स्थानीय तहले यहाँका सबै गाउँ बस्ती सडक सञ्जालले जोड्दै गएपनि सडकको बिच बिचमा पर्ने गरेका खोला नदीमा पक्की पुल निर्माण नहुँदा यहाँका स्थानीयलाई वर्षाको समयमा घरदेखि बजार र बजार देखि घरसम्म आउजाउ गर्न समेत निकै समस्या भएको छ । जिल्लाको कर्णाली पारीका स्थानीयलाई कर्णाली नदिमा पुल नहुँदा यहाँ स्थानीयलाई वर्षाको समय पीलिचौर देखि दैनिक उपभोग्य सामाग्री ढुवानी गर्न समस्या हुने गरेको छ । यहाँका गाउँ बस्ती ग्रामिण सडक सञ्जालले जोडिएका भएपनि लामो समयदेखि कर्णाली नदिमा पक्की पुल निर्माण नहुँदा भने वर्षाको समय कर्णालीपारीका स्थानीयवासीलाई दैनिक उपभोग्य सामाग्री ढुवानी गर्न निकै समस्या हुने गरेको हो । कर्णाली नदीमा पुल बन्ला भन्ने पर्खिदा पर्खिदा एक जुग नै बितिसकेको स्थानीयहरुको गुनासो छ । लामो समयपछि यहाँका स्थानीयले गाउँमा गाडी चढ्न पाएपनि वर्षाको समय कर्णाली नदिमा पक्की पुल नहुँदा भने उनीहरु त्यहाँ रहेको झोलुङ्गे पुलका साहारा लिएर दैनिक उपभोग्य सामाग्री ढुवानी गर्दै आएका छन् । हप्ता दिन पैदल हिँडेर सदरमुकाम मार्तडी देखि गाउँमा आउने गरेका थियौं । स्थानीय तहले गाउँ बस्तीमा सडक सञ्जालको पहुँच गरेपछि अहिले गाडी चढेर एक दिनमै घरमा पुग्ने गरेको स्वामिकार्तिक खापर गाउँपालिका-२ स्थानीय नरे लुहारले बताए । लुहारले भने, 'यहाँको पारी जगनाथ र वारी स्वामिकार्तिकको बीचमा कर्णाली नदि छ । यो नदीमा हिउँदका महिना फेरीबाट गाडी वार पार हुने गर्दछन् । हिउँदमा त्यसै गाडीमा हामी पनि गाउँमा आउजाउ गर्ने गरेका छौं । जब वर्षाको समय हुन्छ । त्यो कर्णाली नदिमा पनि पानी बहाव निकै बढ्दै जान्छ । त्यसपछि फेरी चल्न पनि बन्द हुन्छ । अनी हामीले वर्षाको समय सधै यातायातको सुविधाबाट वञ्चित हुँदै आउनु परेको छ ।' स्वामिकार्तिक खापर गाउँपालिका कर्णाली पारीको एक दुर्गम पालिका हो । यो स्थानीय तहले पछिल्लो समय यहाँका गाउँ बस्ती सडक सञ्जालले जोड्दै आएको छ भने केही गाउँ बस्तीलाई सडक सञ्जालले जोड्ने क्रम चालु नै छ । दैनिक उपभोग्य सामाग्री खरिदका लागि पैदल हिँडेर जिविकोपार्जन गर्दै आएका यहाँका स्थानीय पछिल्लो समय हिउँदका केही महिना गाउँमै गाडीमा त्यो सामान घरमा पाउँने गरेका छन् ।

बाँकी ३ पेजमा...

## विद्युत सवस्टेशनका लागि हुम्लामा ११० रोपनी जग्गा अधिग्रहण गरिने

■ नमस्ते समचारदाता
हुम्ला, पुष/१२



हुम्लाको सर्केगाड गाउँपालिकामा निर्माण हुन लागेको ४००-१३२ केभी सवस्टेसन निर्माणका लागि ११० रोपनी जग्गा अधिग्रहण गरिने भएको छ । राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले हुम्ला र मुगु जिल्लामा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् राष्ट्रिय प्रसारणमा समाहित गराउन आवश्यक सवस्टेशन निर्माणका लागि जिल्ला प्रशासन कार्यालय हुम्लालाई जग्गा अधिग्रहणको अनुरोध गरेसँगै जिप्रकाले उक्त जग्गा अधिग्रहण गर्न लागेको हो । राष्ट्रिय प्रसारण ग्रीड कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. नेत्र ज्ञवालीले हुम्ला कर्णाली र मुगु कर्णालीमा उत्पादन हुने २ हजार ५ सय मेगावाट विद्युतलाई राष्ट्रिय प्रसारण ग्रीडमा जोड्न सर्केगाडमा सवस्टेशन निर्माण गर्न लागिएको जानकारी दिए । डा. ज्ञवालीले उक्त सवस्टेशन निर्माण हुम्ला र मुगु क्षेत्रको जलविद्युत् विकासमा महत्वपूर्ण उपलब्धि सावित हुने बताए । कैलालीको दोधराबाट सुरु भई कालिकोट भएर हुम्ला जाने यो प्रसारण लाइन करिब २२० किलोमिटरको हुनेछ । हाल कैलालीको दोधरादेखि कालिकोटको फुकोटसम्मको प्रसारण लाईन निर्माणाधीन अवस्थामा रहेको छ । उक्त जग्गा अधिग्रहण गरेपश्चात हुम्ला-कालिकोट खण्डको ९० किलोमिटर खण्डको विस्तृत इन्जिनियरिङ र वातावरण अध्ययन सुरु गरिने र दुई वर्षपछि निर्माणमा जान सकिने राष्ट्रिय प्रसारण ग्रीड कम्पनीले जनाएको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## असमान व्यवहार कसैले कसैलाई नगरौं

नेपालको संविधानले व्यवस्था गरेको मौलिक हकको उपभोग हरेक नागरिकले बेरोकटोक गर्न पाउनुपर्छ। तर, कहिलेकाहीँ राज्यसत्ताबाटै पनि मौलिक हकको उपभोगमा व्यवधान पुगिरहेको अवस्था देखिन्छ। भर्खरै त्रिविमा चलेको एनपिएलका सन्दर्भमा देखिएका विभिन्न स्तरका विभेदजन्य व्यवहार होस् या आरती साहको न्यायका लागि माइतीघर मण्डलामा बसेका उनको परिवार र सहयोगी माथि राज्य र प्रहरीले गरेको व्यवहार होस्, त्यसमा पीडितको मौलिक हकको सम्मान हुन सकेको देखिन्न। मधेशी जनताले आफ्नो पहिरन र आफ्नो पहिचानका लागि माइतीघर मण्डलमा उभिँदा पनि राज्यपक्ष या प्रहरीको दमन हुने गरेकै हो। केही वर्षपहिला केपी ओली नेतृत्वको सरकारले पटक–पटक संसद् भंग गर्दा त्यसविरुद्ध नेपालका शीर्ष पार्टीका नेताले समेत त्यही माइतीघरमा विरोध गर्न बस्दा प्रहरीले केही बोलेन, सुरक्षा दियो। तर, त्यही स्थानमा मधेशको एक पार्टीले मधेशको सान, मधेशको पहिरन, मधेश पहिचानका लागि माइतीघर मण्डला वरिपरि शान्तिपूर्ण प्रदर्शन गर्दा बहालवाला मन्त्री, बहालवाला माननीय र एक पार्टीका राष्ट्रिय अध्यक्ष समेत रहेका सम्मानित नेतालाई समर्थकसँगै प्रहरीले पक्राउ गर्‍यो। यसबाट एउटै देशका फरक–फरक समुदायका लागि कानुन पनि फरक–फरक नै भएको देखिएन र ? खेलकुदले देशमा रहेका हरेक जातजाति तथा भाषाभाषीलाई एकै ठाउँमा जोड्ने आशा गरिन्छ। तर, नेपालकै इतिहासमा पहिलोपटक भव्य रूपमा सम्पन्न भएको नेपाल प्रिमियर लिग (एनपिएल) को प्लेअफदेखि फाइनलसम्मको यात्रामा मधेश प्रदेशको प्रतिनिधित्व गरिरहेको जनकपुर बोल्ट्सका खेलाडीदेखि लिएर समर्थक सम्मलाई गरिएको विभेद या भौतिक आक्रमणसम्मको घटनाले गम्भीर प्रश्न उठाएको छ। एनपिएलको फाइनल खेलको समाप्ति पश्चात् मधेशी समुदायका केही युवामाथि गरिएको विभेदजन्य व्यवहार र आक्रमणले खेलले राष्ट्रलाई एकताको सूत्रमा बाँध्छ, भाइचारा र आपसी सद्भाव बढाउँछ भन्ने विश्वासमाथि नै प्रश्न उठाएको छ । फाइनलपछि देखिएको अप्रिय घटना आगामी संस्करणमा नदोहोरियोस् भनेर एनपिएलको आयोजक क्रिकेट एसोसिएसन नेपाल (क्यान), सुरक्षा निकाय लगायत सबैले आवश्यक तयारी र सतर्कता अपनाउनु पर्ने पाठ कीर्तिपुर घटनाले सिकाएको छ।


सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट

बेसिक कम्प्युटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्युटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com


# कसरी बन्छ समृद्ध नेपाल ?

**सञ्जीव कार्की**



नेपाल बन्ने अनेकौं कारण छन् । नबन्ने वा बन्न नसक्ने पनि त्यत्तिकै कारणहरू छन् । बन्ने कारणलाई आत्मसात् गरेर नबन्ने कारण त्याग्दै जाँदा नेपाल बन्छ। आधुनिक विश्वमा समृद्धि, विकास र आधुनिकता अभिन्न छन् । विकास समृद्धि र आधुनिकता एकाएक रातारात भित्रिँदैन, मिल्दैन । त्यसको लागि दूरगामी दृष्टि, अनुशासन, लगाव मेहनत र देशभक्तिको अठोट जरुरी हुन्छ । विकासका प्रशस्त सम्भावना र प्राकृतिक रूपमा नेपाल वैभवशाली मुलुक भएको थुप्रै आधार छन् । तर, पनि सदुपयोग गर्न नजानेर नै आजको स्थिति उत्पन्न भएको हो । सर्वप्रथम प्राथमिकता निर्धारण गर्नु आवश्यक हुन्छ। अनुशासन, पारदर्शिता र मेहनत नेतृत्व क्षमता आदि तत्वका आधारमा समृद्धिको खाका कोरियो भने शायद पछाडि फर्कने स्थिति आउँदैन । कुनै पनि सिद्धान्त आफैंमा साध्य होइन साधन हो । हाम्रो प्रमुख आवश्यकता र सिद्धान्त हो नेपालवाद । हामीलाई आफ्नो आवश्यकता र औचित्यले डोर्‍याउनु पर्छ। जबर्जस्ती लादिएका र बोकाइएका सिद्धान्तका भारीले हामी थिचिएका छौं । नेपालवादको खाका कोरेर गन्तव्य तय गरियो भने नपुग्ने कुनै ठाउँ छैन। खाँचो हो भिजनरी नेतृत्व संकल्प, अठोट र दृढता। व्यक्ति, व्यक्ति इमान्दार हुँदा सिस्टम प्रभावकारी र चलायमान बन्छ। हाम्रो आधारभूत तथ्य भनेको प्राथमिकता निर्धारण गर्न चुक्नु रहेको छ । कुनै पनि कुराको तत्काल आवश्यकता र औचित्यको आधार खोजेर दीर्घकालीन लक्ष्यसहितको गन्तव्य निर्धारण गर्नु र सो प्राप्त गर्न तन्मयका साथ लाग्नु नै विकास सफलता सूचक हुन् । अल्पकालीन, मध्यकालीन र दीर्घकालीन दृष्टिबोध गरेर, लक्षित वर्ग र समुदायको हित हेरेर उनीहरूको हक अधिकार विकास निर्माण कर्तव्य र भूमिका सबल र सशक्त बनाउनु पर्छ । गरिबीको रेखामुनि रहेका सीमान्तकृत, वर्ग, महिला, दलित, जनजाति र उपेक्षित समुदायलाई मूलधारमा समाहित गराउन राज्यले अहम् भूमिका निर्वाह गर्नुपर्छ । र, यथोचित जनपरिचालन गर्दा देश बलियो बन्दै जान्छ । विकास र समुन्नतिको पथमा मुलुक यात्रारत हुन्छ । नागरिकका आधारभूत आवश्यकता भनेको गाँस, बास र कपास हुन् अर्थात् आत्मसम्मान, छाना नाना र खाना पहिलो सर्त हो । स्वतन्त्रता, स्वास्थ्य, शिक्षा, सुरक्षा रोजगार र पहिचान, विकास, समृद्धि क्रमशः आउँछन् । अहिलेको अवस्थालाई चिर्न निम्न बुँदामा ख्याल गर्नुपर्ने देखिन्छ । समय व्यवस्थापन र अनुशासनः समयको सदुपयोगबिना कुनै व्यक्ति, समुदाय, समाज र राष्ट्रले उन्नति गर्न सक्दैन । समयभन्दा अमूल्य चिज संसारमा केही छैन भन्ने बुझ्न र सहज व्यवस्थापन गरेर व्यक्ति र राष्ट्रको जिन्दगी सरल र सहज बनाउन सकिन्छ । नेपालीहरूसँग समयलाई महत्व दिने संस्कार र सभ्यताको अभाव देखिन्छ । जुन दुर्गतिको कारण हो । सबै किसिमका अराजकताको अचुक औषधि हो अनुशासन । अनुशासन विधिको पालन र विधानको मर्यादाभित्र बस्ने सुन्दर अभ्यास हो। समय व्यवस्थापन र अनुशासनलाई पर्यायको अर्थमा बुझ्न सकिन्छ । विश्वका विकसित समाज समयलाई महत्व दिएकै कारण आज सो स्थानमा पुग्न सकेका छन् । सही समयमा सही निर्णयः कुनै पनि निर्णय सही समयमा सही तबरले गर्न सकियो भने सफलताको प्रथम सूत्र नै बन्न सक्छ । निर्णयमा विलम्ब ढिलासुस्ती र अनावश्यक दबाब र प्रभावबाट गरिने निर्णयले उचित मार्ग पक्रन सक्तैन । अतः समय र परिस्थिति हेरेर कहिले लचक र कहिले कठोर दुवै बन्ने ल्याकत राख्नुपर्छ । समयलाई आफ्नो वशमा पार्न सकिन्न तर व्यवस्थापन गर्न सकिन्छ । बुद्धिजीवीको भूमिकाः विकास, सभ्यता र उन्नतिको ढोका खुलेका मुलुकमा बुद्धिजीवी वर्गको तटस्थता, निर्भीक राष्ट्रप्रेम र नेतृत्वलाई गर्ने खबरदारी उच्च नैतिकता र आदर्शले ओतप्रोत भएको पाइन्छ । योग्यता र क्षमताअनुसारको जिम्मेवारी दिने र अधिकतम उपयोग गर्ने नीति हुन्छ । जहाँ भेदभाव र आग्रह पूर्वाग्रह हुन्न त्यो समाज सभ्य र समुन्नत बन्छ । दण्ड र पुरष्कारलाई पनि त्यतिकै प्रश्रय दिने समाजमा बौद्धिक वर्गको महत्व र गरिमा उच्च रहन्छ । बौद्धिक वर्ग पेट पाल्न कसैको भाट र चाकर बन्नु पर्दैन । विवेक प्रयोग गर्ने बौद्धिक वर्ग भएको समाजमा अन्याय अत्याचार र बेथितिको गुञ्जायस रहन्न । अहिले सत्य भनिदिने जैविक बौद्धिक र थिंक ट्यांकको अभावमा देश रुमलिएको छ। अतः अर्ग्यानिक बौद्धिक आजको खाँचो हो । बौद्धिक वर्गको एउटा मात्र ध्याउन्न राष्ट्रको समुन्नतिमा कसरी योगदान गर्न सकिन्छ भन्ने बन्नुपर्छ । सस्तो लोकप्रियता होइन लोकहितः सस्तो लोकप्रियताको आयु छोटो र क्षणिक रहन्छ तसर्थ दीर्घकालीन उद्देश्यसहितको प्रयोजनपरक लक्ष्य लोकहितको खातिर हुनुपर्दछ । सामाजिक हितभन्दा पर व्यक्ति र सानो समुदायको स्वार्थको लागि, छिटो लोकप्रिय बन्ने बाटो सहज हुन्छ। तर त्यसले लक्ष्य भेट्टाउन सक्तैन। बाटो दुरुह होस् तर लक्ष्य भेदन गर्ने होस् । यो नै दीर्घकालीन विकासको सुगम मार्ग र यात्रा हो । भीडको बलमा गरिने जुनसुकै निर्णय र फैसलाले विवेकको प्रतिनिधित्व गर्ने सम्भावना क्षीण हुन्छ । सिंहावलोकनः कामलाई पछिल्तिर फर्केर हेर्दै बीचबीचमा लगाइने दृष्टि, समीक्षा र समालोचना, खण्डनमण्डन सिंहावलोकन हो जुन आम मान्छे र आम प्रणालीलाई जरूरी हुन्छ । समीक्षा गर्ने बानीले कमजोरी पत्ता लाग्छ । कमजोरी छोपेर होइन कमजोरी सच्याएर जाने परिपाटी आजको सभ्यता हो। कमजोरी ढाकछोप गरेर निम्तिने अवश्यम्भावी दुर्घटना टार्न प्रारम्भमै सतर्कतासहितको कमजोरी स्वीकार गरेर अघि बढ्ने अभ्यास गर्नु उचित हुन्छ । कतिपय प्रणालीगत समस्या र अवस्थामा त्यसको विस्थापन, विघटन र विनियोजनका लागि रिथिंक र रिभिजिट अनिवार्य तत्व मानिन्छ। अत्यधिक बोझ, झन्झट र अनावश्यक गलगाँड फाल्दै जानुपर्छ। पेट चिर्दा दुख्छ भनेर अप्रेसन गर्न डरायौं भने त्यसले दिने दुःख र हैरानी बेहोर्न तयार हुनुपर्छ। नेपालमा पनि प्रदेश संख्या, सांसद संख्या र अन्य फजुल खर्चबारे विविध कोण र सन्दर्भबाट व्याख्या भएको छ । यसको सान्दर्भिकता र औचित्यबारे प्रश्नहरू जन्मिएका छन्। समस्या समाधन पनि लिएर आएको हुनाले समस्यासँग भाग्ने होइन भोग्ने र झेल्ने सामर्थ्यको विकास गर्नुपर्छ। प्रतिनिधित्वको सवालः विश्व बैंकले भने झैं 'गरिबी अपर्याप्त आम्दानी वा मानव विकासमा मात्रै कमजोर हुनु होइन यो आवाजहीन शक्तिहीन र प्रतिनिधित्वहीनको अवस्था पनि हो । जब राज्यका सबै निकायमा एकल वर्चस्व प्रभाव र हस्तक्षेप रहन्छ तव त्यहाँ गरिबी, अशिक्षा, बेरोजगारी विभेद र अन्याय अत्याचार नमज्जासँग मौलाएको हुन्छ। राज्य एकपक्षीय हुन्छ। त्यस्तो अवस्थामा गरिबी प्रतिनिधित्वहीन, आवाजहीन र सामर्थ्यहीन अवस्थाको रूपमा झन् विकराल भएर देखिन्छ । राज्यमा रहेका सबै जात, जाति, वर्ग, समुदाय, क्षेत्र भूगोल र लिंगको अधिकतम प्रतिनिधित्व राज्यका हर निकायमा हुनुपर्छ । राज्यमा बस्नेलाई यो राज्य मेरो पनि हो राज्यप्रति मेरो पनि भूमिका कर्तव्य छन् भन्ने भावनाको विकास हुनुपर्छ । अपनत्व ममत्व र कर्तव्यबोधलाई सम्बोधन गरिने नीति र कार्यक्रमले सीमान्तीय, समुदाय, दलित, महिला, मधेसी मुस्लिम, अल्पसंख्यकलगायत सबैलाई समता र मर्यादाको प्रत्याभूति हुनुपर्छ । अमेरिकालगायत विकसित मुलुकमा किनाराकृत समुदायलाई प्राथमिकताको सूचीमा राखिन्छ । नीति निर्माण गर्दा पहुँचविहीनलाई पहुँच दिलाउनु मुख्य कार्यभारको रूपमा ग्रहण गरिन्छ । गुनासो र प्रश्नलाई पहिले सम्बोधन गरिन्छ । त्यस्तै अभ्यास र जीवनशैली बनाउनुपर्छ। सकारात्मक सोच र शैलीः आम मान्छेमा व्याप्त नकारात्मकतालाई मात्रै न्यून गर्न सकियो भने आशाको सञ्चार जगाएर सकारात्मकताको किरण फैलाउन सकिन्छ। सकारामक सोच, शैली, चिन्तन र विश्वास नै प्रगतिका प्रस्थानबिन्दु हुन् । यो भएन, त्यो भएन भनेर गुनासो गर्न छोडेर आआफ्नो तवरबाट जे सकिन्छ राम्रो गरौं जति सकिन्छ असल गरौं भन्ने उत्कट भावना चाहिन्छ । समाजलाई गति दिन र राष्ट्रलाई जीवन्तता प्रदान गर्न सकारात्मकताको प्रचारप्रसार आवश्यक हुन्छ । जुन संस्कारको हामीसँग अभाव छ । हामी सकारात्मक प्रचार ढिलो गर्छौं । हरेक देशका आआफ्ना प्रणाली राज्य व्यवस्था सञ्चालनका पद्धति र विधिहरू हुन्छन् तिनीहरू कहिल्यै, कुनै सर्त र तर्कसँग सम्झौता गर्न लायक हुँदैनन् । *–अन्नपूर्ण*


## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं।
८. सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

चंखेली गाउँपालिका
हुम्ला

# नेपालगञ्ज भन्सारको स्क्यानर मेसिन ६ वर्षदेखि प्रयोग विहीन

नमस्ते समाचारदाता

नेपालगञ्ज, पुष/१३



नेपालगञ्ज भन्सार कार्यालयको 'लगेज स्क्यानर मेसिन' ६ वर्ष देखि प्रयोगविहीन अवस्थामा रहेको छ। जमुनाहा नाकास्थित यात्रु आगमन कक्षमा 'लगेज स्क्यानर मेसिन' भएपनि बिग्रिएर प्रयोविहीन भएको हो। मेसिनले काम नगर्दा यात्रु र भन्सार कर्मचारी दुवैलाई समस्या भइरहेको छ। भन्सार परीक्षणलाई पारदर्शी र छिटो बनाउनका लागि २०७४ सालमा राखिएको मेसिन ६ वर्षदेखि बिग्रिएर प्रयोगविहीन बनेको हो। नेपालगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी पूर्णप्रसाद लम्सालका अनुसार जमुनाहा नाकामा २०७४ सालमा स्थापना गरिएको यो मेसिन दुई वर्षसम्म मात्र सञ्चालनमा भएको थियो। त्यसपछि बिग्रिएर थन्किएपछि हालसम्म मर्मत नगरिँदा भन्सार कर्मचारीले हातैले सामान जाँच गर्नुपर्ने बाध्यता छ। दैनिक हजारौँको संख्यामा नेपाल-भारत आउजाउ गर्ने यात्रुहरूको सामान जाँचमा समय लाग्ने र झन्झट बढ्ने गरेको इलाका प्रहरी कार्यालय जमुनाहाका इन्चार्ज प्रहरी निरीक्षक उपेन्द्र बुढाथोकीले बताए। नेपालबाट भारततर्फ जाने यात्रुहरूको सामान भारतीय सीमा रूपईडिहामा एसएसबीको स्क्यानरले जाँच्ने व्यवस्था रहेको छ। नेपालतर्फ भने आवश्यक उपकरणको अभावले परीक्षण प्रक्रिया ढिला हुने र पारदर्शितामा समेत प्रभाव पर्ने खतरा रहेको छ। यसले यात्रुहरूलाई समयमै गन्तव्यमा पुग्न समस्या मात्र होइन, सीमा सुरक्षामा पनि चुनौती थप्ने देखिएको छ। सम्बन्धित निकायले मेसिन मर्मत गर्न तत्परता नदेखाउँदा सीमा नाका व्यवस्थापनमा सुधार आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ।

# गोठमा घाँस हाल्न गएका एक पुरुष मृत फेला

नमस्ते समाचारदाता

रुकुमपश्चिम, पुष/१३



रुकुमपश्चिममा एक पुरुषको शव फेला परेको छ। जिल्लाको मुसीकोट नगरपालिका-७ साँखका ४७ वर्षीय तुल्सीराम घर्ती पाखागाउँस्थित आफ्नै गोठ नजिक मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय रुकुमपश्चिमका निमित्त प्रमुख प्रहरी निरीक्षक ऋषि पाठकका अनुसार गोठ नजिकैको कुलोमा घर्ती मृत अवस्थामा फेला पर्नुभएको हो। शुक्रबार बेलुका गोठमा घाँस हाल्न भनेर गएका घर्ती घर नफर्किएको र आज बिहान मृत फेला परेको प्रहरी निरीक्षक पाठकले जानकारी दिनुभयो। स्थानीयले प्रहरीलाई सूचना गरे लगत्तै अस्थायी प्रहरी बिट साँखबाट प्रहरी टोली घटनास्थलमा पुगेको छ। अहिले जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक पाठकको नेतृत्वमा एक अनुसन्धान टोली घटनास्थल जाँदै गरेको बताएको छ। मृत्युको कारण नखुलेको र घटनाको अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ।

## कर्णालीमा...

नागरिक सेवा र समाज कल्याणमा राज्यले गर्न नसकेका काम गर्ने सामाजिक संस्थालाई सरकारले विशेष सहयोग गर्नुपर्ने प्रमुख सुनारको भनाइ छ। समुदायमा आधारित पुनर्वास (सिविआर) का संयोजक नित्रबहादुर देउजाले अपाङ्ग बाल अस्पताल कर्णाली प्रदेशले विभिन्नि जिल्लाका १ हजार ८ सय ५५ जनालाई मोबाइल क्याम्पमार्फत स्क्रिनिङ गरिएको बताए। उनका अनुसार अपाङ्गता भएका बालबालिकाको उपचार सामग्रीसहित उनीहरुको पुनःस्थापनमा सिबिएम ग्लोबलको ठूलो सहयोग रहेको छ। अपाङ्ग बाल अस्पताल, राष्ट्रिय अपाङ्ग महासङ्घ कर्णाली प्रदेश, सिएमसी नेपाल सिबिएम ग्लोबल नेपालको संयुक्त साझेदारीमा भूकम्पपश्चात् जाजरकोटको भेरी तथा नलगाड नगरपालिका, बारेकोट र कुसे गाउँपालिका, रुकुमपश्चिमको सानीभेरी गाउँपालिका तथा आठबीसकोट नगरपालिकामा मोबाइल क्याम्प गरी ५ हजार ६७ जनालाई उपचार सेवा र त्यसमध्ये एक सय १८ जनालाई शल्यक्रियाको लागि अपाङ्ग बाल अस्पतालमा सिफारिस गरिएको संयोजक देउजाले जनाए। उनले प्रदेश कार्यालय स्थापना भएयता ५ सय ८७ जनालाई सहायक सामग्री नापजाप तथा वितरण गरिएको बताए। संयोजक देउजाका अनुसार अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्रले अहिलेसम्म देशैभरि १ लाख २१ हजार १ सय ९१ बालबालिकाको उपचार गरिएको छ भने अपाङ्ग बाल अस्पताल तथा पुनःस्थापना केन्द्र कर्णाली प्रदेश सुर्खेतको सेवा विस्तारका लागि सिबिएम ग्लोबल नेपालले करिब रु २२ लाख बराबरको सामग्री तथा उपकरण हस्तान्तरण गरेको छ।

# हुम्लाको सिमकोटमा चार इञ्च हिउँ जम्यो, स्थानीयबासी घरभित्रै

नमस्ते समाचारदाता

हुम्ला, पुष/१३



हिमाली जिल्ला हुम्लासहित कर्णालीका उच्च जिल्लामा शुक्रबार रातिदेखि हिमपात भइरहेको छ। शुक्रबार दिउँसो घाम नलागेर मौसममा आएको फेरबदलले बाक्लो बादल लागेका कारण रातिदेखि शनिबार दिउसो सम्म हिमपात भएको हो। शनिबार बिहान सदरमुकाम सिमकोटमा चार इञ्च हिउँ जमेको छ भने उत्तरी नाम्खा गाउँपालिकामा दुई फिटसम्म हिउँ परेको बताइएको छ। हुम्लामा तेस्रो पटक हिमपात हुँदा किसानलाई राहत मिलेको स्थानीय गौगोरा बोहराले बताए। यतिबेला परेको हिउँले जेठासी बालीको उत्पादन राम्रो हुने हुम्लाका किसानको भनाइ छ। यस्तै सदरमुकाम सिमकोट सहित उत्तरी नाम्खा गाउँपालिकामा जनजीवन प्रभावित बनाएको छ। शनिबार बिहान हिमपात भइरहेकाले यहाँका स्थानीय चिसोले घर बाहिर निस्कन नसकेको बताइएको छ। हिमपात हुँदा यहाँको तापक्रम माइनसमा झरेको छ। यस्तै अन्तर जिल्ला जोड्ने एकमात्रै हवाई सेवा अवरुद्ध भएको छ। हिमपात भइरहेकाले हवाई सेवा अवरुद्ध भएको हो।

## पक्की...

स्थानीयहरुलाई हिउँदको महिना घरमै पाउँने ती सामान वर्षाको समय भने यहाँको कर्णाली नदिमा पक्की पुल नहुँदा पिलिचौर देखि बोकेर ल्याउनु परेको छ। यहाँका मुक्तीकोट फयाल गाउँ लगायतका बस्ती निकै दुर्गमका बस्ती हुन्। यी बस्ती पनि अहिले सडक सञ्जालको पहुँचमा छन्। तर कर्णाली नदीमा पक्की पुलको व्यवस्था नहुँदा अहिले यी गाउँ बस्तीलाई वर्षाको समय फेरि उस्तै समस्या हुने गरेको छ। गाउँपालिकाले यहाँका ६ वटै वडाहरुलाई सडकको सञ्जालको पहुँचमा राख्ने गरी सडक निर्माण गर्ने काम गरेका छौं। यहाँका अधिकाशं वडा अहिले सडक सञ्जालको पहुँचमा रहेका छन भने केही वडा पनि यो वर्षमा सडक निर्माण गर्ने गरी काम सुरु भइरहेको स्वामिकार्तिक खापर गाउँपालिका अध्यक्ष भरत रोकायाले बताए। रोकायाले भने, 'यहाँको सबै भन्दा ठुलो समस्या भनेको त्यो कर्णाली नदिमा पुल नहुँन हो। यसका लागि हामीले सम्बन्धित निकायमा पहल गरेपछि अहिले वाई गडुमा पुल निर्माण हुन लागेको छ।'त्यो खोलामा पुल निर्माणको काम सम्पन्न भए यहाँका सबै वडामा रहेका गाउँ बस्तीमा समेत हिउँद वर्षामा यातायात सवारी साधन दैनिक रुपमा सुचारु हुने रोकायाले बताए। कर्णाली नदिमा पुल निर्माणका लागि २०७७ साल फागुनमा अन्जना एम.के विसी महादेव खिम्ती जेविलाई रु १२ करोड ५८ लाखमा स्वामिकार्तिक खापर गाउँपालिकाको वाई गडुमा एक सय मिटर लम्बाई पुल निर्माणको काम २०८२ पुसमा सम्पन्न गर्ने गरी सम्झौता भएको महाकाली पुल योजना कञ्चनपुरले जनाएको छ। ठेकेदार कम्पनीलाई डिजाईन स्टिमेट तयार पार्ने गरी २०७७ फागुनमा ठेकेदार कम्पनीमा सम्झौता गरेको हो। २०८० सालमा विभागबाट सो स्टिमेट पास भएर आएपछि सो कम्पनीले पनि २०८० भदौबाट पुल निर्माणको काम सुरु गरेको महाकाली पुल योजना कञ्चनपुरका इन्जिनियर सन्तोष चन्दले जानकारी गराए। गत वर्षमा सो कम्पनीले स्वाकिकार्तिक खापर गाउँपालिकाको वाई गडुमा पुल निर्माणका लागि एकसाईडमा फाउन्डेसन गर्ने काम गरेको छ। सम्झौता भएको अवधि भित्रमा पुलनिर्माणको काम सम्पन्न गर्ने गरी अहिले पनि एक हप्ता अघि पत्र पठाएको इन्जिनियर सन्तोष चन्दले बताए।


# बबई नदीमा अस्थायी पुल निर्माण

नमस्ते समाचारदाता

बर्दिया, पुष/१३



माघे संक्रान्ति एवम् माघि पर्वलाई लक्षित गेरर बर्दिया ठाकुरबाबा नगरपालिका र बारबर्दिया नगरपालिकाका नागरिकलाई सुरक्षित एवम् छोटो दुरिमा आउजाउ गर्न बबई नदिमा हेम पाइप राखेर अस्थायी पुल निर्माण गरिएको छ। ठाकुरबाबा नगरपालिकाले बबई नदिको खैलार घाटमा हेमपाइप राखेर अस्थायी रुपमा पुल निर्माण गरेपछि बारबर्दिया र ठाकुरबाबा नग पालिकाबासिलाई आउजाउमा सहज भएको हो। माघ १ गते ठाकुरद्वारा मन्दिरमा ठुलो मेला लाग्ने भएकोले सो मन्दिरमा दर्शन गर्न र मेला हेर्न जान आउनका लागि स्थानीयलाई सहज होस भनेर बबई नदीको खैलार घाटमा हेमपाइप राखेर अस्थायी पुल बनाइएको ठाकुरबाबा नगरपालिकाका मेयर तिलकराम लम्सालले बताउनुभयो। उहाँका अनुसार सो पुलले हिउँदे अवधिभर बबई नदिमा पानीको सतह नबढेसम्म आउजाउमा सहज हुनेछ। हेमपाइप राखेर अस्थायी पुल बनेपछि नागरिकलाई आउजाउ गर्न सहज भएको सर्वसाधारणले जनाएका छन्। नदीमा पानीको सतह नबढेसम्म ओहोरदोहोर गर्न सहज भएपनि वर्षा र अन्य दिनमा आउजाउ गर्न नमिल्ने हुँदा खैलार घाटमा पक्की पुल निर्माणका लागि स्थानीयले माग गरेका छन्। उता, खैलार घाटमा पुल निर्माणकार्यको तयारी भइरहेको जनाउँदै आगामी वर्ष बजेट छुट्याउन पहल भइरहेको ठाकुरबाबाका प्रमुख लम्सालले बताउनुभयो। उहाँका अनुसार हाल बारबर्दियाको कतर्नियाँ हुँदै ठाकुरबाबा नगरपालिकाको खैलार, मिर्चैया, नगर अस्पताल नेउलपुर, गोदाना हुँदै ठाकुरद्वारासम्म वैकल्पिक सडक निर्माणका लागि ९५ करोड बजेटको ठेक्का टेन्डर एक सातामा निकालिने तयारी छ।



# समिति सभापतिका लागि गठबन्धन दलमा सहमति

■ नमस्ते समचारदाता

सुदूरपश्चिम, पुष/१३



सुदूरपश्चिम प्रदेश सभा अन्तर्गतको विषयगत समितिमा सभापतिका लागि दलबिच भागबन्डा मिलेको छ। प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेस र नेकपा (एमाले) का नेताको बिहीबार बसेको बैठकले सभापतिको विषयलाई टुङ्गो लगाएको हो। नेपाली कांग्रेसका संसदीय दलका नेता एवं मुख्यमन्त्री कमलबहादुर शाह र नेकपा (एमाले) को संसदीय दलका नेता राजेन्द्रसिंह रावलसमेतको उपस्थितिमा विशेष समिति थप्ने गरी सभापतिको भागबन्डा टुङ्ग्याइएको छ। बैठकले अर्थ विकास तथा प्राकृतिक स्रोत विकास समितिको सभापति सत्ता साझेदार दल नागरिक उन्मुक्ति पार्टीले पाउने निर्णय गरेको छ। नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक विक्रमसिंह धामीका अनुसार सामाजिक विकास समितिको सभापति नेकपा (एमाले) ले लिने निर्णय गरिएको छ। सार्वजनिक लेखा समितिका सभापति प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी) लाई दिने निर्णय भएको छ। यस्तै थप गरिएको विशेष समितिको सभापति नेपाली कांग्रेसले लिने बैठकमा निर्णय भएको सचेतक धामीले बताउनुभयो। प्रदेश सभामा रहेका चार वटामध्ये तीन संसदीय समिति लामो समयदेखि सभापतिविहीन थिए। तत्कालिन सभापतिहरू सरकारका मन्त्री नियुक्त भएपछि नेतृत्वविहीन बनेका थिए। ती समितिका सभापति चयनका लागि गत असोजमा निर्वाचन तालिका घोषणा गरेको थियो तर दलबिच भागबन्डा नमिल्दा निर्वाचन हुन सकेको थिएन। अब समितिका सभापतिका लागि टुङ्गो लागिसकेकाले प्रदेश सभाको अधिवेशन सुरु भएपछि चाँडै निर्वाचन हुने नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक धामीले बताउनुभयो। अहिलेसम्म विधायन तथा प्रदेश मामिला समितिले मात्रै पूर्णता पाएको थियो तर तीन वटा समिति भने सभापतिविहीन छन्। सभापति नहुँदा ती समितिले तदारुकताका साथ काम गर्न सकेका छैनन्। काम चलाउनका लागि ज्येष्ठ प्रदेश सभा सदस्यले समितिको सभापतित्व ग्रहण गर्दै आउनुभएको छ। यसैबिच बैठकले अर्थ विकास तथा प्राकृतिक स्रोत विकास समितिलाई विभाजन गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय पनि गरेको छ। विषयगत समितिका कामको चापलाई ध्यानमा राखेर आवश्यकता र औचित्य पुष्टि भएमा विभाजनको प्रक्रिया अगाडि बढाइने जनाइएको छ। प्रदेश सभा अन्तर्गतका विषयगत समितिलाई 'मिनी पार्लियामेन्ट' का रूपमा लिने गरिन्छ। समितिमा ऐन, कानुन निर्माणका सन्दर्भमा दफावार छलफल हुने गर्छ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

# हुलाकी राजमार्गको अतिक्रमणमा डोजर चल्यो



■ नमस्ते समचारदाता

बाँके, पुष/१३

बाँकेको नेपालगन्ज-नरैनापुर हुलाकी राजमार्ग अन्तर्गत सडक अतिक्रमण गरेर बनाइएका घर टहरा हटाउन नरैनापुर गाउँपालिकाले डोजर चलाउन सुरु गरेको छ। नरैनापुर गाउँपालिका कार्यालयले एक साता अघि सूचना प्रशारण गर्दै स्थानीयलाई सडकको मापदण्ड ३० मिटर भित्र पर्ने संरचना हटाउन आग्रह गरेको थियो। नगरको आग्रह अटेरी गरेर संरचना नहटाउनेविरुद्ध डोजर चलाउनु परेको गाउँपालिकाका अध्यक्ष ईश्तियाक अहमद शाहले बताउनुभयो। उहाँका अनुसार वडा नम्बर १ सुईयादेखि सुरु गरिएको अवैध घरटहरा भत्काउने अभियान एक साता भित्रै ६ वटै वडामा सञ्चालन हुनेछ। सो अभियानमा गाउँपालिकाको प्राविधिक शाखा र अनुगमन शाखासमेत सहभागी छ।

# वन क्षेत्रमा बनाइएका घर भत्काइए

■ नमस्ते समचारदाता

रुकुमपश्चिम, पुष/१३

रुकुमपश्चिममा वन क्षेत्र अतिक्रमण गरी बनाइएका पाँच वटा घर, टहरा भत्काइएको छ। डिभिजन वन कार्यालय अन्तर्गत चौफा सबडिभिजन वन कार्यालयले सानीभेरी गाउँपालिका -१० स्थित दुई वटा सामुदायिक वन क्षेत्रमा बनाइएका घर टहरा हटाइएको हो। डिभिजन वन कार्यालयका प्रमुख शेरबहादुर परियारका अनुसार मझाउ सामुदायिक वन उपभोक्ता समूह र चिउरीगैरा सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्र अतिक्रमण गरेर बनाइएका पाँच वटा घर टहरा भत्काइएको हो। अतिक्रमित घर हटाएर वन क्षेत्र कायम गरिएको छ। उहाँले सबडिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह, जनप्रतिनिधिको रोहवरमा घर भत्काइएको बताउनुभयो। डिभिजन वन कार्यालयले वन क्षेत्र अतिक्रमण गरेर निर्माण गरिएका विभिन्न संरचनाहरू हटाउने र वन क्षेत्र विस्तारको अभियानलाई तिब्रता दिने जनाएको छ।




नमस्ते कर्णाली Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके